**स्थानीय राजपत्र**

**भिमाद नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड ७) भिमाद बैशाख १९ गते, २०८० साल (संख्या १**

**भाग २**

**भिमाद नगरपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम भिमाद नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि पुनः एकिकरण कार्यक्रम कार्यान्वयन मापदण्ड,२०८०

**प्रस्तावनाः** वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुलाई लक्षित गरी पुनः एकिकरण कार्यक्रम सञ्चालन गर्न भिमाद नगरपालिका र वैदेशिक रोजगार वोर्डको सचिवालय विच सम्झौता भए बमोजिम कार्यक्रम कार्यान्वयन तथा लाभग्राही छनोटको प्रक्रियालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले ,

प्रशासकीय कार्यविधि नियमित गर्न वनेको ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको मापदण्ड तयार गरी लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि पुनः एकिकरण कार्यक्रम कार्यान्वयन मापदण्ड,२०८०" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो मापदण्ड कार्यक्रम कार्यान्वयन अवधि भर लागु हुनेछ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,

क) **"लाभग्राही"** वैदेशिक रोजगारीमा गई फर्केका व्यक्तिहरु मध्येबाट यस कार्यक्रमका लागि नियमानुसार सूचिकृत भएका व्यक्तिहरुलाई जनाउँनेछ ।

ख) **"कार्यक्रम कार्यान्वयन समिति"** वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनःएकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ को दफा १९ बमोजिमको कार्यक्रम समन्वय समिति सम्झनु पर्नेछ।

ग) **"मन्त्रालय"** नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई जनाउनेछ ।

घ) **"रोजगार सेवा केन्द्र"** रोजगारीको हक सम्बन्धी ऐन,२०७५ को दफा १० बमोजिमको रोजगार सेवा केन्द्रलाई जनाउनेछ ।

ङ) **"सम्झौता"** भन्नाले नगरपालिका र वैदेशिक रोजगार बोर्ड विच भएको सम्झौतालाई जनाउनेछ।

च) "**सचिवालय**" भन्नाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई जनाउनेछ ।

छ) **"नगरपालिका" भन्नाले** भिमाद नगरपालिकालाई जनाउनेछ ।

**<u>३. कार्यक्रम संचालन गर्ने</u> : (१)** वैदेशिक रोजगार बोर्डको आर्थिक सहयोगमा नगरपालिकाले वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको पुँजी, सिप, प्रविधि एवम् दक्षताको उपयोग गर्नुका साथै व्यवसायिक बनाई आय आर्जन बृद्धि गर्न प्रविधि हस्तान्तरण लगायतका बिभिन्न क्रियाकलाप सञ्चालन गरिनेछ ।

(२) तालिमको विषय छनौट तथा प्रविधि हस्तान्तरण सम्बन्धी अन्य व्यवस्था कार्यक्रम कार्यान्वयन समितिको निर्णय बमोजिम हुनेछ ।

**४. <u>क्रियाकलापगत बजेटको बाडफाँड:</u>** कार्यक्रम सञ्चालन गर्न नगरपालिकाले वैदेशिक रोजगार बोर्डको सचिवालयलाई पेश गरेको प्रस्तावको अधिनमा रही अनुसूची- १ वमोजिम क्रियाकलाप निर्धारण गरी बजेट बाँडफाँड गरिनेछ ।

**<u>५. तालिम तथा प्रविधि छनौट सम्बन्धी व्यवस्था:</u>** यस कार्यक्रम सञ्चालन गर्दा तालिमको विषय तथा प्रविधि छनौट गर्ने कार्य वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिको लागि पुनः एकिकरण कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका, २०७९ को मर्म अनुरुप हुने गरी कार्यक्रम छनौट समितिले गर्नेछ ।

**<u>६. लाभग्राही छनोट सम्बन्धी मापदण्ड</u>** : (१)वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सूचिमा सूचिकृत ब्यक्तिहरुलाई अनुसूची-२ अनुसार अंक भार निर्धारण गरी प्राथमिकताको आधारमा लाभग्राही छनोट गरिनेछ।

(२) लाभग्राहीको रुपमा सूचिकृत हुनको लागि वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको लागि पुनः एकिकरण कार्यक्रम निर्देशिका, २०७९ को अनुसुची-३ ढाँचामा देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछ।

क) राहदानीको प्रतिलिपि,

ख) नागरिकताको प्रतिलिपी,

ग) नागरिकता नभएको खण्डमा स्थायी बसोवास खुल्ले कुनै कागजात ।

७. **<u>लाभग्राहीको सङ्ख्या</u> :**लाभग्राहीको सङ्ख्या वैदेशिक रोजगार बोर्डको सचिवालय र नगरपालिका विच भएको सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

**<u>८. अन्तरवार्ता छनोट समिति</u>** :१) यस कार्यक्रम कार्यान्वयनको लागि देहाय बमोजिमको एक अन्तरवार्ता छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक

ख) संयोजकले तोकेको एक जना अधिकृत - सदस्य

ग) रोजगार संयोजक - सदस्य सचिव

२) दफा ६ को उपदफा (१) बमोजिमको अन्तरवार्ता समितिले अनुसूची -२ बमोजिमको मापदण्डलाई आधार मानी लाभग्राहीको अन्तिम सूची तयार गर्नेछ ।

३) अन्तरवार्ता छनौट समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्ने सक्नेछ ।

९. **<u>तालिम सञ्चालनका लागि प्रशिक्षकको व्यवस्था</u>** : सिप विकास तालिम सञ्चालनको प्रशिक्षण कार्यालयको मौजुदा जनशक्तिको क्षमताले गर्न नसक्ने अवस्थामा बाह्रय प्रशिक्षकको व्यवस्था गरी सञ्चालन गर्न सकिनेछ ।

१०. **<u>खर्चको मापदण्ड</u>** :कार्यक्रम सन्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४,अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७७ तथा भिमाद नगरपालिकाको खर्च सम्बन्धी मापदण्ड, २०७६ (संशोधन सहित) बमोजिम हुनेछ ।

११. **<u>अनुगमन सम्बन्धी व्यवस्था</u>** :यस कार्यक्रको अनुगमन वैदेशिक रोजगार बोडको सचिवालय र नगरपालिकाले संयुक्त रुपमा गर्नेछ ।

१२. **<u>लेखा तथा लेखा परीक्षण</u>** :यस कार्यक्रमको खर्चको लेखा तथा लेखा परिक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

**१३. <u>प्रतिवेदन सम्बन्धी व्यवस्था</u>** : (१)रोजगार सेवा केन्द्रले यस कार्यक्रमको त्रैमासिक एवम् वार्षिक प्रतिवेदन तयार गरी नगरपालिका पेश गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको एक प्रति प्रमाणित प्रतिवेदन नगरपालिकाले वैदेशिक रोजगार वोर्डको सचिवालयमा पठाउनुपर्नेछ ।

**<u>१४.मापदण्डमा संशोधन</u>**: यस मापदण्डमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

**<u>१५.बाधा अड्काउ फुकाउन सक्ने:</u>** यस मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा नगर कार्यपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्ने छ ।

**<u>१६. बचाउ र लागु हुने:</u>** (१) यस मापदण्डमा उल्लेख भएका कुरा यसै मापदण्ड अनुसार र उल्लेख नभएका कुराहरू प्रचलित कानून अनुसार हुने छ ।

(२) यस मापदण्डमा उल्लेखित कुनै कुरा सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

## अनुसूची-१
### (दफा ४ संग सम्बन्धित)

| क.स. | क्रियाकलाप | बजेटको हिस्सा (प्रतिशतमा) | कैफियत |
|---|---|---|---|
| १. | मागमा आधारित तालिम | ३०- ४० | |
| २. | प्रविधि हस्तान्तरण | ४०-५० | |
| ३. | अनुगमन खर्च | ५-१० | |
| ४. | प्रशासनिक खर्च | ५-१० | |

## अनुसूची-२
(दफा ६ संग सम्बन्धित)

| क्र.स. | छनोटको आधार | सूचक | प्राप्ताङ्क (अंकमा) |
|---|---|---|---|
| १. | विदेशमा बसोवास गरेको अवधि | ३ वर्ष वा सो भन्दा बढि बसोवास गरेमा, | १० |
| | | ३ वर्ष भन्दा कम बसोवास गरेमा | ५ |
| २. | व्यवसायिक योजना | भएको | १० |
| | | नभएको | ५ |
| ३. | व्यवसाय दर्ता | भएको | १० |
| | | नभएको | ५ |
| ४. | सूचिकृत व्यक्तिको उमेर | ४० वर्ष सम्म | १० |
| | | ४० वर्ष भन्दा माथि | ५ |
| ५. | अन्तरवार्ता | - | २० |
| जम्मा | | | ६० |

प्रमाणीकरण मितिः २०८०/०१/१९

आज्ञाले
टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

सूचना तथा अभिलेख केन्द्र, भिमाद मुद्रित। मूल्य रु. ४०